# राजस्व सुधार कार्ययोजना
# २०७९/८०–२०८१/८२

तीनपाटन गाउँपालिका




# तीनपाटन गाउँपालिका
# सिन्धुली जिल्ला

## २०७९

**प्रतिवेदन तयारी**

| | |
|---|---|
| **शीर्षक :-** | तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
| **सहयोग :-** | श्री प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश, नेपाल |
| **तयार गर्ने :-** | **क्युव-पाथवे-भूगोल जे.भी. विशालनगर, काठमाण्डौ** |
| **मिति :-** | असार, २०७९ |

## कृतज्ञता ज्ञापन

तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्न क्युव-पाथवे-भुगोल जे.भी., विशालनगर, काठमाडौंलाई जिम्मेवारी दिनुहुने बागमती प्रदेश प्रशिक्षण प्रतिष्ठान, कार्ययोजना तयार गर्नका लागि सहयोग पुऱ्याउनुहुने तीनपाटन गाउँपालिकाका गाउँपालिका अध्यक्ष कर्ण बहादुर मगर, अपाध्यक्ष धन बहादुर पुलामी (अशोक), प्रमुख प्रशासकीय अधिकृत श्री राम कुमार कार्की, तीनपाटन गाउँपालिकाका कार्यपालिका सदस्य तथा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा गाउँपालिका परिवार प्रति परामर्शदाताका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।

**क्युव-पाथवे-भूगोल जे.भी., विशालनगर, काठमाडौं**

# विषय सूची


**परिच्छेद एकः परिचय** **१**

**१.१ पृष्ठभूमि** **१**

**१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य** **२**

**१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू** **२**

**१.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया** **३**

**१.५ कार्ययोजनाका सीमा** **५**

**परिच्छेद दूईः स्थानीय तहको सङ्क्षिप्त परिचय** **७**

**२.१ तीनपाटन गाउँपालिकाको परिचय** **७**

**२.२ तीनपाटन गाउँपालिकाको मानव संसाधनको अवस्था** **९**

**२.३ तीनपाटन गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था** **१०**

२.३.१ सवारी साधनहरू सम्बन्धी विवरण ११

२.३.२ सडक सुविधा सम्बन्धी विवरण ११

२.३.३ विद्युतको तथा खानेपानीको व्यवस्था १२

२.३.४ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण १२

**परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१३**

**३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था** **१३**

**३.२ स्थानीय तहका आयको अन्य श्रोतहरु** **१५**

**३.३ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू** **१७**

३.३.१ कानुनी तथा नीतिगत व्यवस्था १७

३.३.२ उपयुक्त संगठन निर्माण १७

३.३.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण १७

३.३.४ विभिन्न आयमूलक कार्यक्रम १७

३.३.५ पारदर्शिता र जवाफदेहिता १८

३.३.६ परिवर्तित व्यवस्था अनुसार राजस्व सङ्कलन १८

३.३.७ राजस्व प्रशासन तथा नीति सम्बन्धी सवालहरू १८

**३.४ तीनपाटन गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था** **१८**

**३.५ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण** **द्दण**

३.५.१ स्थानीय कर राजस्व २०

३.५.२ गैरकर राजस्व २०

**३.६ आन्तरिक राजस्व सङ्कलनको सम्भावना विश्लेषण** **२१**

३.६.१ भूमिकर तथा मालपोत कर २२

३.६.२ सम्पत्ति कर २२

*३.६.२.१ बहाल कर* *२३*

३.६.३ वित्तीय र पुँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर) २४

३.६.४ अन्य सेवा शुल्क २५

३.६.५ दस्तुरहरू २६

३.६.६ अन्य विविध आय २७

**परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** **२९**

**४.१ राजस्व परिचालन सम्बन्धी नीति** **२९**

**४.२ आय सङ्कलनको संस्थागत क्षमता** **३२**

४.२.१ राजस्व परामर्श समिति ३२

४.२.२ तीनपाटन गाउँपालिकाको राजस्व प्रशासन ३३

४.२.३ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण ३३

४.३ तीनपाटन गाउँपालिकाको वर्तमान आन्तरिक आय परिचालन ३४
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ३५
**परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना ३६**
५.१ तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ३६
**परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण ४१**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४१
६.२ स्थानीय तहको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ४४
**परिच्छेद सातः अपेक्षित नतिजा र सुझावहरू ४७**
**परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन ५०**
**अनुसूचीहरू ५३**
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ५४
अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र तथा माईनुट ५७
अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र ६०
अनुसूची ४: कार्यक्रमको फोटोहरु ६३
अनुसूची ५: प्रारम्भिक डाटाहरु ६५

## तालिका सूची

तालिका १: तीनपाटन गाउँपालिकाको समग्र वडागत क्षेत्रफल र जनसांख्यिक विवरण ९
तालिका २: तीनपाटन गाउँपालिका वडा कार्यालयका भवन सम्बन्धी विवरण ११
तालिका २: तीनपाटन गाउँपालिकाका सवारी साधन सम्बन्धी सम्बन्धी विवरण ११
तालिका ३: सडक सुविधा सम्बन्धी विवरण ११
तालिका ४: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको राजस्व अधिकार १३
तालिका ५: गाउँपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण (हजारमा) १९
तालिका ६: कर राजस्व तर्फको सम्भावना विश्लेषण २०
तालिका ७: गैरकर राजस्व तर्फको सम्भावना विश्लेषण २०
तालिका ८: सम्पत्ति कर सम्भावनाको गणना २२
तालिका ९: घरबहाल कर सम्भावनाको गणना २३
तालिका १०: व्यवसाय कर सम्भावनाको गणना २४
तालिका ११: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना २५
तालिका १२: नक्सा पास दस्तुरको सम्भावनाको गणना २७
तालिका १३: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण २९
तालिका १४: तीनपाटन गाउँपालिकाका राजस्व परामर्श समितिका पदाधिकारीहरू ३२
तालिका १५: तीनपाटन गाउँपालिकाकाको वर्तमान आन्तरिक आय परिचालन (हजारमा) ३४
तालिका १६: राजस्व सुधार कार्ययोजना ३६
तालिका १७: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार र तीन वर्षमा हुने कुल आय हजारमा ४१
तालिका १८: आगामी तीन आर्थिक वर्षहरूका लागि आय प्रक्षेपण (रु. हजारमा) ४५
तालिका १९: गाउँपालिकाको आय संरचना रु. हजारमा ४७

## चित्र सूची

चित्र १: गाउँपालिकाको अवस्थिति ७

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले नेपालमा १ केन्द्रीय, ७ प्रदेश र ७५३ स्थानीय तह सहितको शासकिय स्वरुपको निर्माण गरेको छ । यस अनुरूप ७५३ स्थानीय तह (गाउँपालिका, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरू) मा स्थानीय तहको पहिलो पाँच वर्षको कार्यकाल पूरा भई दोश्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भई संविधानले व्यवस्था गरे बमोजिम अनुसूची ८ अनुसार निसृत गरिएका काम कर्तव्य र जिम्मेवारीहरू नियामित रुपमा निर्वाह गर्दै आइरहेका छन् । नेपालको संविधानले यी तीन तहका सरकारका बिच, समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्धद्वारा सहकारी मोडेलको सङ्घीयता कार्यन्वयनमा रहेको छ ।

स्थानीय तहमा संविधान र कानुनले तोकेका अवधारणा, कार्यान्यवन र भूमिका बारे थप स्पष्टता आवश्यक छ । स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रूपमा सबल र सक्षम बनाउन राजस्व परिचालनसम्बन्धी ज्ञान, सिप र क्षमता अभिबृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ । विगतको पाँच वर्षको अनुभवलाई समेत आधार मानी राजस्वको सुधार तथा आन्तरिक आयमा समेत बढोत्तरी गराउने योजना नयाँ बनेको स्थानीय तहको कार्यकालको शुरू अवस्थामा नै तयार हुँदा आगामी पाँच वर्षका लागि समेत राजस्व बारेमा स्प्रष्ट दृष्टिकोण र अवधारणाको कार्यान्वयन पक्षले मुर्तता पाउने हुन्छ ।

राजस्व अधिकारको प्रयोगको तहगत अधिकारको बाँडफाँड गर्दै नेपालको संविधान र प्रचलित कानुनले भन्सार महसुल, अन्तःशुल्क, मुल्य अभिबृद्धि कर, संस्थागत व्यक्तिगत आय कर, राहदानी शुल्क, पारिश्रमिक कर, भिसा शुल्क, पर्यटन दस्तुर लगायत अधिकार सङ्घीय सरकारलाई दिएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, कृषि आयमा लाग्ने कर, मनोरञ्जन कर, विज्ञापन कर प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेका छन् । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका बिचमा समन्वय र सहकार्यका आधारमा अघि बढ्ने गरी स्थानीय तहलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, भूमिकर (मालपोत), घर नक्सा पास दस्तुर, सेवा शुल्क लगायत २२ ओटा एकल अधिकार प्रदान गरेको छ । पर्यटन शुल्क, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना सङ्घ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्य गरी साझा रुपमा कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । यिनै एकल तथा साझा अधिकारको प्रयोग गरी स्थानीय तहले बजेट सहितको वार्षिक तथा समयगत योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ ।

नागरिकका चहाना पूरा गर्नको लागि स्थानीय तहले खर्च जुटाउनु पर्दछ । यसरी खर्च जुटाउनको स्थानीय तहको लागि सम्भावित आन्तरिक आय, अनुदान र ऋण गरी तीन माध्यम रहेको देखिन्छ । स्थानीय तहले आफ्नो आयको श्रोतको रुपमा, केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा मात्र सिमित हुँदा जनआकाक्षा पुरा हुन नसक्ने हुँदा संविधान तथा प्रचलित नेपाल कानुनले दिएको अधिकार प्रयोग गरी राजस्वका क्षेत्रहरूको पहिचान तथा विद्यमान करका दायरा तथा दरहरू समयसापेक्ष बनाउँदै आय श्रोत बिस्तार गर्नुपर्ने हुन्छ । स्थानीय तहको अर्थतन्त्र आत्मनिर्भर बनाउनको लागि जनताको कर तिर्न सक्ने क्षमतालाई मध्यनजर गर्दै आन्तरिक आयका स्रोत पहिचान तथा परिचालन गरी आन्तरिक आयमा बृद्धि गर्नुपर्ने हुन आउँछ ।

यसै पृष्ठभूमीका आधारमा तीनपाटन गाउँपालिकाको वित्तीय स्थिति सबल बनाउन राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan/RIAP) तयार गरिएको छ । यस योजनाले

गाउँपालिकाको आन्तरिक आयमा बृद्धि गरी वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने सघाउ पुग्ने हुन्छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

स्थानीय तहलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरू पुरा गर्नुपर्ने अवस्था छ । यस प्रयोजनका लागि स्थानीय तहलाई सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदानका अतिरिक्त स्थानीय तहलाई आफ्नै राजस्वका आधारहरू तयार गर्ने अधिकार निहित रहेको छ। स्थानीय तहको संरचना कार्यान्वयनको प्रारम्भकालमा रहेकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको व्यवस्थापन तथा अभ्यासको पक्ष पूर्ण रुपमा परिचालन भइसकेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय तहलाई आफ्नो क्षेत्रमा कर र गैरकर सङ्कलन गर्न सक्ने अधिकार रहेको छ तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, स-साना व्यवसायहरूमा कर लागु गर्दा हन सक्ने सम्भावित अलोकप्रियता, स्थानीय तहलाई प्राप्त हुन आएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु, जस्ता कारणहरूले गर्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहले अपेक्षित रूपमा राजस्व सङ्कलन गर्न सकिरहेको अवस्था छैन । यसरी स्थानीय तहहरूले वित्तीय सङ्घीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्रको बजेट खर्च गर्न पर्याप्त राजस्व जुटाउन नसकिरहेको अवस्था छ ।

स्थानीय तहले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठुलो लगानी आवश्यक देखिन्छ । त्यसका लागि कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना पहिचान गरी राजस्वको क्षमता बिस्तार गर्दै जानु अपरिहार्य हुन आँउछ । त्यसैको तयारी स्वरुप राजस्व कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक रहेको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोत तथा सम्भावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहितको तीन वर्षे राजस्व सुधार कार्ययोजना तयार गर्न देहाय अनुसारका विशिष्ट उद्देश्य निर्धारण गरिएको थियो ।

- कर, गैर कर तथा प्रचलित कर प्रणालीबारे स्थानीय तहको बुझाइमा स्पष्टता ल्याउने,
- राजस्व तथा करका दायराहरू खोजी तथा पहिचान गर्न सहयोग पुऱ्याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक विधिहरू, कर निर्धारण प्रक्रिया, राजस्व निर्धारणका आधारहरू पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व परिचालनको समग्र पक्षको समिक्षा सहित मार्गचित्र तयार गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आन्तरिक आय सुधार रणनीति, राजस्व प्रक्षेपण, बजेट अनुमान, आर्थिक विधेयक निर्माण तथा सूचना प्रणाली व्यवस्थापनमा सहयोग पुग्ने दस्तावेज तयार पार्ने ।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तयार गर्दा राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना सङ्कलन फाराम विकास, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । प्रस्तुत राजस्व सुधार कार्ययोजना निर्माण गर्ने क्रममा अबलम्वन गरिएका विधिहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छः

**पहिलो चरणः सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा**

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरूको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा बागमती प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

**दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला**

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरू र राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०१/२३ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसूची २ मा दिईएको छ ।

**तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरू समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरू, राजस्व सम्बन्धी कानुनहरू, प्रगति विवरणहरू, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरूबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यसबाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरूको संगठन, होटल व्यवसायीहरूको संगठन आदि पेशागत एवम् व्यवसायिक संस्थाहरू लगायतका सरोकारवाला पक्षहरूसँगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरू सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण

- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- कम्तीमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरू, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरू/तथ्याङ्कहरू नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरी सकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरूले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

**चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण**

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरूलाई विश्लेषण गरिएको छ। सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ। राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरू पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरूको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम विन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक बृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची ४ अनुसार गरिएको छ ।

**पाँचौं चरण: मस्यौदा कार्ययोजना तयारी**

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य  राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरूबाट परिक्षण गराइएको थियो ।

**छैठौं चरण: मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरू पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरू समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरूलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरण: अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरेपछि गाउँपालिकामा २०७९ असार ९ गते गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरू, राजस्व परामर्श समिति, वडा अध्यक्षज्यूहरू, शाखा प्रमुखज्यूहरू लगायतको सहभागितामा बृहद् छलफल गरिएको थियो (उक्त छलफलको उपस्थिती माईन्युट र फोटो अनुसूची र मा उल्लेख गरिएको छ) । उक्त छलफलमा प्राप्त सुझाब र सल्लाहलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गरिएको छ । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट कार्यान्वयनमा ल्याइने छ ।

**आठौं चरण:  अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ कार्ययोजनाका सीमा

क्षेत्र व्यापक रहेको भए तापनि सीमित स्रोत साधन, विगतका वर्षहरूको पर्याप्त सूचनाको अभाव, सीमित समय आदिका कारण तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको देहाय अनुसार सीमा रहेका छन्:

- कार्ययोजना कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन जस्ता स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरू एवम् सरोकारवाला पक्षसँगको छलफलबाट प्राप्त सुझावहरूको आधारमा तयार गरिएको छ ।
- तीनपाटन गाउँपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क सङ्कलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू संलग्न गरी यो कार्ययोजना तयार गरिएको छ ।
- तथ्याङ्क सङ्कलनका लागि सबै वडाहरूको स्थलगत सर्वेक्षण कार्य भएको छैन ।

- नेपालको संविधान तथा प्रचलित नेपाल कानुनले स्थानीय तहलाई दिइएका राजस्व अधिकारको मात्र अध्ययन तथा विश्लेषण गरिएको छ ।
- गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना हरेक वर्ष राजस्व समितिको सिफारिसमा प्रगती समिक्षा गरी समयसापेक्ष परिमार्जन गर्दै कार्यान्वयनमा ल्याउनेछ ।

# परिच्छेद दूईः स्थानीय तहको सङ्क्षिप्त परिचय

## २.१ तीनपाटन गाउँपालिकाको परिचय

तीनपाटन गाउँपालिका नेपालको बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लामा पर्दछ। नेपाल सरकारले मिति २०७३।११।२२ मा साविकको बेलघारी, भीमस्थान, जराचा बालाजोर, तोश्रामखोला, बाहुनतिल्पब, आम्बोटे र लाम्पनटार गा.वि.स. समावेश गरी तीनपाटन गाउँपालिका बनाइएको हो। यस गाउँपालिकामा ११ वडाहरू रहेका छन् । तीनपाटन गाउँपालिकाको कार्यालय लाम्पानटारमा रहेको छ। यस गाउँपालिकाको कार्यालय जिल्ला सदरमुकाम सिन्धुली बजारबाट ३८ कि.मि टाढा रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल २८०.२६ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको पूर्वमा दुधौली न.पा., पश्चिममा कमलामाई न.पा., उत्तरमा गोलान्जोर गा.पा. र दक्षिणमा कमलामाई न.पा.पर्दछन्। पहाडी भित्रीमधेश लगायत क्षेत्रको समिश्रण रहेको यस ठाँउमा यहाँ विषम (उष्ण, उपोष्ण र समशीतोष्ण) हावापानी पाईन्छ।

तीनपाटन गाउँपालिका




चित्र १: गाउँपालिकाको अवस्थिति

इतिहासमा तीनपाटनको फाँट वीर सम्शेरले विवाह गर्न दाइजोको रुपमा ल्याएको एक लक्ष्मी नाम गरेकी महिलालाई ल्याइतेको रुपमा व्यवहार गरेको र पछि तिनैले महारानीको भूमिका खोज्दा उनलाई सो अधिकारबाट अलग बनाउन तीनपाटन क्षेत्रलाई विर्ताको रुपमा दिई उनका खलकलाई नेपाल उपत्यकाबाट धपाएको भन्ने भनाई छ। उनै महारानीले मेरो बिर्ता कति छ ? भन्ने बुझ्न चाहँदा तत्काल परिमाणात्मक तथ्य केही नहुँदा ललितपुर पाटनको तीन वटा पाटन जति छ तिम्रो बिर्ता भनी महारानीलाई बुझाएको कुरा सार्वजनिक भएपछि फाँटको मात्र होइन पुरै बिर्ताको नाम नै तीनपाटन भएको बुझिन्छ। अर्को मान्यतामा टिपाट राजवंशले यसै फाँटबाट खाद्यान्न भन्डार

गर्ने भएकाले टिपाट फाँट भनिएकोमा यसको अपभ्रंश भई तीनपाटन फाँट भएको हो भन्ने चित्त बुझ्दो आधारको लोक सम्मति पाइन्छ। २०१७ सालमा यो क्षेत्रको सेरोफेरोलाई पाटन देवी गाउँ पञ्चायत नामाकरण गरिएको भन्ने भनाई छ।

हायूटार (हाल भीमथानटार), चिसापानीटार आइतबारेटार, कामीटार (हाल बाहुनटार), जन्तरेटार, ताप्केटार, भालुटार, ठकुरीटार, खत्रीटार, कर्कलेटार, भकनेटार र रातमाटेटार, निबुवाटार, नक्कलेटार, नर्कटेटार, बजिनीटार, बोक्सेटार, चिलाउनेटार, झार्लाङटार र दोभानटार थिए भने कोइरालाडिही (हाल भवानी उच्च मा.वि. भएको ठाउँ), झंगा गाउँ, भंडार गाउँ, भारागाउँ, कदमे गाउँ, चिसापानी गाउँ र खमारे बैंसी (हाल जोगेखोला) समेतका बस्तीले ओगटेको क्षेत्र नै तीनपाटन गाउँपालिका क्षेत्रमा रहेका प्रमुख कृषि क्षेत्रहरू हुन्।

यस क्षेत्रले इष्टदेवताको रुपले मानेको प्रमुख देवी देवता तथा शक्तिपिठहरू पाटन देवी, महांकाल देवी, रक्तमाला र जलकन्या देवीका साथै आइतबारे, गोरेसिद्ध र कोइरालाका वायू (बुढाबराज्यै) प्रसिद्ध देवता हुन्। यस गाउँपालिका क्षेत्रमा कत्लेशिखर, थुम्कीशिखर, घेरेशिखर, कसाईशिखर नेपालेशिखर, रानाशिखर, जखनीशिखर, नयाँशिखर, क्वान्देशिखर, कामीशिखर, कुँडेशिखर, जोगिशिखर जस्ता प्राचिन शिखरहरू, आँपडाँडा, टाउकेडाँडा, सिपालीडाँडा, पौवाडाँडा, राम्चे डाँडा, सार्कीडाँडा, हायूडाँडा, कुमालेडाँडा, झिल्कनेडाँडा, दुम्कीडाँडा र तिलङ्गेडाँडा आदि डाँडाहरूका साथसाथै थुम्काहरुमा बेलीथुम्का, बर्सिङ्गथुम्का र भुब्रेथुमका रहेका छन् जसको प्रचुर उपयोग गरी पर्यटकीय क्षेत्रको विकास गर्न सक्ने देखिन्छ।

तीनपाटन फाँटको प्राचीन सौं खानी, छिमेकी बालाजोर भोगटेनीको तामा खानी बालाजोर कै वडा नं. ४ र ५ गैरीखानीको फलाम खानी समेतको सही सदुपयोग गर्न तीनपाटन फाँट सेन्टर पर्ने हुँदा यो फाँट कृषि तथा औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सक्ने प्रबल सम्भावना देखिन्छ।

तीनपाटन गाउँपालिका भू-उपयोगको दृष्टिबाट हेर्दा खेतीयोग्य जमिन २८.०६ प्रतिशत, वन जंगल, घाँस, झाडी ६८.१३ प्रतिशत, वालुवा १.०८ प्रतिशत, आवास १.५२ प्रतिशत र खोलानाला १.२१ प्रतिशत क्षेत्रफल ओगटेको देखिन्छ (गाउँपालिकाको पार्श्वचित्र, २०७५)

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार तीनपाटन गाउँपालिकाको कुल जनसंख्या ३५१४५ पुरुष १७४२९ र महिला १७७१६ रहेको देखिन्छ। यहाँको जनगणना भएको घर संख्या ७६६९ र परिवार संख्या ७९३९ रहेको छ।

तीनपाटन गाउँपालिकाको घरधूरी सर्वेक्षण २०७५ अनुसार यहाँको जनसंख्या ३६०६२ रहेको देखिन्छ भने परिवार संख्या ७६८२ रहेको छ। यहाँको महिला पुरुष अनुपात ९४.८ र औषत परिवार संख्या ४.६९ रहेको छ।

तालिका १: तीनपाटन गाउँपालिकाको समग्र वडागत क्षेत्रफल र जनसांख्यिक विवरण

| वडा नं. | साविक गा.वि.स. | क्षेत्रफल वर्ग कि.मि. | परिवार | पुरुष | महिला | जम्मा | म.पु.अ. | औ.प. |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं. एक | बेलघारी (१-९) | ३९.१२ | ७९५ | १७६४ | १८७३ | ३६३७ | ९४.२ | ४.५७ |
| वडा नं. दुई | भिमस्थान (१-५) | २१.३२ | ९३६ | १९२१ | १९३८ | ३८५९ | ९९.१ | ४.१२ |
| वडा नं. तीन | भिमस्थान (६-९) | २४.८९ | ४०३ | ९७७ | १०३० | २००७ | ९४.९ | ४.९८ |
| वडा नं. चार | जरायोटार (१,४,५,६) | १७.०३ | ६९२ | १६०७ | १६९६ | ३३०३ | ९४.८ | ४.७७ |
| वडा नं. पाँच | जरायोटार (२,३,७,८,९) | ३१.५४ | ८३० | १८७८ | २०४६ | ३९२४ | ९१.८ | ४.७३ |
| वडा नं. छ | बालाजोर (१-९) | ३४.१७ | ८५२ | २०६३ | २२११ | ४२७४ | ९३.३ | ५.०२ |
| वडा नं. सात | तोश्रामखोला (१-९) | १६.२३ | ३८९ | ९३७ | ९६१ | १८९८ | ९७.५ | ४.८८ |
| वडा नं. आठ | बाहुनतिल्पुङ (१-९) | २०.२२ | ५८९ | १५१९ | १४५३ | २९७२ | १०४.५ | ५.०५ |
| वडा नं. नौ | आम्बोटे (१-९) | ४२.२ | ७८५ | १७०१ | १८३७ | ३५३८ | ९२.६ | ४.५१ |
| वडा नं. दश | लाम्पानटार (१-३) | १६.१ | ५७१ | १३२० | १४१० | २७३० | ९३.६ | ४.७८ |
| वडा नं. एघार | लाम्पानटार (४-९) | १७.४४ | ८४० | १८६६ | २०५४ | ३९२० | ९०.८ | ४.६७ |
| जम्मा | | २८०.२६ | ७६८२ | १७५५३ | १८५०९ | ३६०६२ | ९४.८ | ४.६९ |

श्रोत: नेपालको राजनीतिक तथा प्रशासनिक विभाजन र तीनपाटन गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५

## २.२ तीनपाटन गाउँपालिकाको मानव संसाधनको अवस्था

तीनपाटन गाउँपालिकाको सङ्गठन स्वरूप हेर्दा वर्तमान अवस्थामा गाउँपालिकामा मुख्य गरी पाँचवटा शाखा अन्तर्गत विभिन्न ११ वटा शाखाहरू स्थापना भई आम नागरिकलाई आवश्यक सेवाप्रवाह गरिरहेका छन् । गाउँपालिकामा रहेका शाखाहरू देहाय अनुसार रहेको देखिन्छ:

- शिक्षा, युवा तथा खेलकुद शाखा
- प्राविधिक शाखा
- कृषि/पशु सेवा शाखा
- जिन्सी शाखा
- स्वास्थ्य शाखा
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
- सहकारी संस्था दर्ता र उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा
- योजना शाखा
- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- आ.ले.प. शाखा

गाउँपालिकाले माथि उल्लिखित विषय क्षेत्र समेट्ने गरी आफ्नो आवश्यकता र प्राथमिकता अनुरूप कार्यालयको प्रशासनिक ढाँचा कार्यान्वयनमा ल्याएको छ । गाउँपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत जनशक्तिको अवस्था न्यून रहेको छ ।

| क.सं | पद | स्थायी | करार | जम्मा |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १ | | १ |
| २. | अधिकृत सातौं | १ | | १ |
| ३. | अधिकृत छैठौं | ५ | २ | ७ |
| ४. | सहायक पाचौं सरह | १२ | ३ | १५ |
| ५. | सहायक स्तर चौथो | १० | २३ | ३३ |
| ६. | प्राविधिक सहायक | २ | २ | ४ |
| ७. | कार्यालय सहयोगी | ४ | १२ | १६ |
| ८. | हेभी सवारी चालक | | २ | २ |
| ९. | हलुका सवारी चालक | | १ | १ |
| १०. | गाउँ प्रहरी हवल्दार | | १ | १ |
| ११. | गाउँ प्रहरी जवान | | १ | १ |
| १२. | बाटो हेरालु | | ९ | ९ |
| १३. | फोकल पर्सन | | १ | १ |
| १४. | सहायक क.अ. | | ४ | ४ |
| १५. | पोषण सहजकर्ता | | १ | १ |
| १६. | घटना व्यवस्थापक | | १ | १ |
| | | ३५ | ६३ | ९८ |

स्रोतः तीनपाटन गाउँपालिका २०७९

हाल गाउँपालिकामा स्थायी र करार गरी जम्मा ९८ जना कर्मचारीहरु कार्यरत रहेका छन् । गाउँपालिकामा स्थायी कर्मचारी ३५ जना र समयगत करारका ६३ जना रहेका छन् । यस आधारमा हेर्दा स्थायी कर्मचारीको पर्याप्त व्यवस्थापन हुन नसक्दा सेवाप्रवाह करारमा भर परी गर्नु परेको बाध्यता विद्यमान रहेको देखिन्छ ।

## २.३ तीनपाटन गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

तीनपाटन गाउँपालिकामा सार्वजनिक सेवाप्रवाहको लागि गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरू रहेका छन् । तीनपाटन गाउँपालिकाको कार्यालय लाम्पानटारमा रहेको छ । हाल गाउँपालिकाले प्रयोगमा ल्याएको कार्यालय भवन सात कोठा रहेको छ भने १६ कोठे पक्की भवन निर्माणाधिन अवस्थामा रहेको छ । यस गाउँपालिकामा जम्मा ११ ओटा वडाहरू रहेका छन् । सबै वडा कार्यालयको कार्यालय भवनको बारेको भवनको बिस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: तीनपाटन गाउँपालिका वडा कार्यालयका भवन सम्बन्धी विवरण

| वडा नं. | विवरण | कोठा सं. | भौतिक अवस्था | लालपुर्जा भएको /नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन | ४ | पक्की | भएको | आफ्नै |
| २ | वडा कार्यालय भवन | २ | ट्रस्ट | भएको | आफ्नै |
| ३ | वडा कार्यालय भवन | ४ | पक्की | भएको | आफ्नै |
| ४ | वडा कार्यालय भवन | २ | ट्रस्ट | भएको | आफ्नै |
| ५ | वडा कार्यालय भवन | ४ | पक्की | भएको | आफ्नै |
| ६ | वडा कार्यालय भवन | २ | ट्रस्ट | भएको | आफ्नै |
| ७ | वडा कार्यालय भवन | २ | ट्रस्ट | भएको | आफ्नै |
| ८ | वडा कार्यालय भवन | ४ | पक्की | भएको (निर्माणाधिन) | आफ्नै |
| ९ | वडा कार्यालय भवन | ४ | पक्की | भएको | आफ्नै |
| १० | वडा कार्यालय भवन | २ | ट्रस्ट | भएको | आफ्नै |
| ११ | वडा कार्यालय भवन | २ | ट्रस्ट | भएको | आफ्नै |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

### २.३.१ सवारी साधनहरू सम्बन्धी विवरण

यस गाउँपालिकामा रहेका सवारी साधनहरूमा जीप, मोटरसाइकल, एम्बुलेन्स, रहेका छन्। यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ:

तालिका २: तीनपाटन गाउँपालिकाका सवारी साधन सम्बन्धी सम्बन्धी विवरण

| क्र.सं. | विवरण | इकाई |
|---|---|---|
| १ | गाडी | २ |
| २ | एम्बुलेन्स | २ |
| ३ | व्याक लोडर | १ |
| ४ | मोटरसाइकल | २५ |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

### २.३.२ सडक सुविधा सम्बन्धी विवरण

तीनपाटन गाउँपालिका भित्र रहेका पक्की, ग्रावेल तथा कच्ची सडक रहेकामा त्यस बारेको एकीकृत रूपमा तथ्याङ्क सङ्कलन भइसकेको नहुँदा कति सडक छ भन्ने बारेको विवरण तयार गरिएको छैन। गाउँपालिकाबाट प्राप्त जानकारी अनुसार गाउँपालिका क्षेत्रमा करिब किलोमिटर सडक रहेको छ। जसमध्ये थोरै मात्र पक्की र ग्रावेल रहेको देखिन्छ। गाउँपालिकाको सडकको अवस्था हेर्दा यहाँ कच्ची सडकको बाहुल्य रहेको छ। यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ:

तालिका ३: सडक सुविधा सम्बन्धी विवरण

| क्र.सं. | सडकका प्रकार | कि.मी. |
|---|---|---|
| १ | पक्की | ५०० मिटर |
| २ | ग्रावेल सडक | ५५.२ कि.मि. |
| ३ | कच्ची सडक | ५११.३ कि.मि. |
| | **करिब जम्मा** | **५६७ कि.मि.** |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

### २.३.३ विद्युतको तथा खानेपानीको व्यवस्था

तीनपाटन गाउँपालिकामा करिब ९० प्रतिशत घरहरूमा विद्युत् पुगेको छ । विविध कारणवश केही प्रतिशत घरहरूमा विद्युतीय लाइन जडान नभएको पाइएको छ । करिब ८० प्रतिशत परिवारलाई खानेपानी उपलब्ध रहेको छ ।

### २.३.४ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण

यस गाउँपालिका भित्र बसोबास गर्ने गाउँपालिकाबासीले विभिन्न किसिमका व्यवसायमा संलग्न रहेको पाइन्छ । संख्यात्मक रुपमा हेर्ने हो भने यहाँका बासिन्दाले खाद्य तथा किराना पसल, होटल व्यवसाय, कपडा पसल, कस्मेटिक पसल आदि सञ्चालन गर्ने संख्या धेरै रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या पनि धरै मात्रामा रहेको छ । गाउँपालिकामा व्यवसाय दर्ताको प्रणाली पुर्ण कार्यान्वयन भइसकेको भएपनि आम व्यवसायीहरू दर्ता गरेर व्यवसाय गर्नेको मात्रा न्युन नै रहेको देखिन्छ । हालसम्म गाउँपालिकामा दर्ता भएर सञ्चालन भएका व्यवसायहरूको कुल संख्या २४९ रहेको छ जसमा १०५ वाणिज्य तर्फ र १४४ उद्योग तर्फ रहेका छन् । नक्सापास गर्ने प्रचलन शुरुवात भई हालसम्म ३५ वटा घरको नक्सा पास भएको देखिन्छ ।

# परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान अनुसार स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजस्व सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था

**नेपालको संविधान**ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- हाटबजार व्यवस्थापन
- सवारी साधन कर
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत)
- व्यक्तिगत घटना दर्ता
- दण्ड जरिवाना

सङ्घीय कानुन (**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ ।

तालिका ४: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको राजस्व अधिकार

| राजस्व शीर्षक | कानुनी प्रावधान |
|---|---|
| कर | आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर (घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर र बाँकीमा भूमिकर/मालपोत) । (घरजग्गा कर सार्वजनिक उपयोगको घर जग्गामा, मुनाफा रहित संस्थामा, धार्मिक प्रयोजन, सरकारको, दुतावास एवम् कुटनैतिक नियोगहरू स्वामित्वको घर र जग्गामा सम्पत्ति कर लाग्दैन ।)<br>भूमिकर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>घर जग्गा बहाल कर<br>व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा<br>सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत (दफा ६१) |
| शुल्क | बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत (दफा ५९)<br>पार्किङ्ग शुल्कः आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत (दफा ६०) |

| राजस्व शीर्षक | कानुनी प्रावधान |
|---|---|
| सेवा शुल्क | आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा<br>आफुले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामाः<br>खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि<br>अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवामा<br>सिफारिस सम्बन्धी कुनै सेवा शुल्कमा (दफा ६२) |
| दस्तुर | एफ.एम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग<br>ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>पंजिकरण व्यवस्थापन दस्तुर<br>वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिस तथा प्रमाणित वापत<br>जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर |
| वस्तु तथा सेवा विकी | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर (दफा ६२.क)<br>सामुदायिक वन उपभोक्ता समितीले वन पैदावार बिक्री, (दफा ६२.ख) |
| सङ्घ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने | प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>खनिज पदार्थको उत्खनन रोयल्टी<br>सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>खनिज पदार्थको उत्खनन रोयल्टी<br>सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी<br>खानेपानी महसुल<br>स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>स्थानीय स्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन<br>जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति<br>स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण |

| राजस्व शीर्षक | कानुनी प्रावधान |
|---|---|
| | इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण<br>स्थानीय तहका पत्रपत्रिकाको दर्ता |
| स्थानीय तहमा सङ्कलन भई बाँडफाँड हुने | बिज्ञापन कर: स्थानीय तहले दर निर्धारण र सङ्कलन गर्ने<br>मनोरञ्जन कर: स्थानीय तहले सङ्कलन गर्ने (दर र सङ्कलन विधि प्रदेशले निर्धारण गर्ने)<br>घर जग्गा रजिष्ट्रेशन शुल्क: स्थानीय तहले सङ्कलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने)<br>उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र सङ्कलन स्थानीय तहले गर्ने<br>ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गर्ने । |
| प्रदेश तहबाट सङ्कलन भई बाँडफाँड हुने | सवारी साधन (माथि उल्लेखित बाहेक) करको दर निर्धारण तथा सङ्कलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र सङ्कलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने (पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र सङ्कलन नेपाल सरकारले गरे बमोजिम हुने) |

## ३.२ स्थानीय तहका आयको अन्य श्रोतहरु

स्थानीय तहका अन्य आयको श्रोतको रुपमा केन्द्र र प्रदेश सरकारबाट चार प्रकारका अनुदान प्राप्त गर्ने गर्दछन् । गाउँपालिका गाउँपालिकाले विकासको गती बढाउने लक्ष लिएमा ऋण लिन सक्छन् । त्यस बारेको सारांश बुँदागत रुपमा यो खण्डमा प्रस्तुत गरिएको छ ।

**वित्तीय समानीकरण अनुदान**

- नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने । ( नेपालको संविधानको धारा ६० को उपधारा ४)
- प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने । (नेपालको संविधानको धारा ६० को उपधारा ५)
- यस प्रकारको अनुदानलाई स्थानीय तहले आवश्यक देखेको विकासे काममा खर्च गर्न सक्ने स्वीकृति दिईएको हुन्छ । यो अनुदान कर्मचारी तलव र अन्य प्रशासनिक खर्चमा खर्च गर्न पाइने छैन ।

**सशर्त अनुदान**

- नेपाल सरकारले स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने ।

- सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्ने ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने । सशर्त अनुदान भित्र शिक्षा क्षेत्रका शिक्षक तथा कर्मचारी, स्वास्थ्य क्षेत्रका कर्मचारीहरु, अन्य स्थानीय कर्मचारीको तलव भत्ता आदिको खर्च पर्दछ ।

**समपूरक अनुदान**

- नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने ।
- समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछः-
    - योजनाको सम्भाव्यता, योजनाको लागत,
    - योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,
    - योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,
    - योजनाको आवश्यकता र प्राथमिकता ।
    - प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

**विशेष अनुदान**

- नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ ।
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास
- आर्थिक, सामाजिक वा कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम विशेष अनुदान प्रदान गर्न

**बैदेशिक सहायता र ऋण सम्बन्धी व्यबस्था**

- **वैदेशिक सहायता**: स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्नसक्ने छैन ।
- **आन्तरिक ऋणः** स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही २५ वर्षभन्दा कम अवधिको लागि आन्तरिक ऋण लिन सक्ने तर आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ ।
- आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्ने ।

**नेपाल सरकारले स्थानीय तहलाई ऋण दिन सक्ने**

- नेपाल सरकारले स्थानीय तहलाई ऋण दिन सक्ने ।
- स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि अर्थ मन्त्रालय समक्ष अनुरोध गर्न सक्ने ।

- अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋृण प्रदान गर्ने स्वीकृति दिन सक्ने ।
- नेपाल सरकारबाट ऋृण प्रदान गर्ने स्वीकृति प्राप्त भएमा अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्ने ।
- यस्तो ऋृण स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट असुली गर्न सक्ने ।

## ३.३ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकूल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । तीनपाटन गाउँपालिकाले राजस्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन्

### ३.३.१ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरि गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ३.३.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ तथा बेग्लै राजस्व शाखाको व्यवस्था भइसकेको छ । वडा कार्यालयलाई केही शीर्षकहरूमा राजस्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई तालिम दिई दक्ष बनाउनु पर्ने देखिन्छ ।

### ३.३.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

गाउँपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले गाउँपालिकाले सङ्कलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आवधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा बिस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

### ३.३.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय बृद्धिका लागि विभिन्न सङ्घ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका सीपमुलक तथा आयमुलक कार्यक्रमहरू सञ्चालन गरी गाउँपालिकाबासीहरूको कर तिर्न सक्ने हैसियत बृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसँग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसँग समन्वय गरी उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ ।

३.३.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजस्व प्रशासनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हुन आवश्यक छ। जुन शीर्षकबाट आय आर्जन भएको हो सोही शीर्षकमा नै बढी खर्च गर्दा गाउँपालिका बासीहरूमा राम्रो सन्देश जान सक्दछ। सकंलित राजस्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिबृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ।

३.३.६ परिवर्तित व्यवस्था अनुसार राजस्व सङ्कलन

परिवर्तित व्यवस्था अनुसार राजस्व सङ्कलनको लागि कानुनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, सङ्कलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजस्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजस्व सङ्कलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ।

३.३.७ राजस्व प्रशासन तथा नीति सम्बन्धी सवालहरू

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा गाउँपालिकाको राजस्व परिचालन सम्बन्धमा निम्न मुद्दाहरू रहेको देखिन्छः

- राजस्व प्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरू पुर्ण रुपमा तयार नहुनु।
- संविधान र कानुनले दिएको क्षेत्राधिकार भित्र रहेका आफ्नो क्षेत्रमा सम्भाव्य आयको पहिचान नहुनु।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी कमी हुनु।
- राजस्व सम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु।
- नयाँ स्रोतहरू पहिचान र विद्यमान स्रोतहरूको दायरा बिस्तारमा पर्याप्त पहल नगर्नु।
- राजस्व परिचालनका नयाँ सम्भाव्यताको सम्भाव्यताको पहिचान नहुनु।

## ३.४ तीनपाटन गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

तीनपाटन गाउँपालिकाले विगतका आर्थिक वर्षहरूमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत बृद्धिदर आदिको समीक्षा तथा विश्लेषण यस भागमा गरिएको छ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्राप्त राजस्व अधिकारका शीर्षकहरूको परिचालन कसरी गरिएको छ जान्नु उपयुक्त हुन्छ। गाउँपालिकाले उपरोक्त राजस्व शीर्षकहरू मध्ये असुली गरिरहेको, सङ्कलनका लागि निर्णय मात्र गरेको र सम्भावना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ। देहायमा उल्लेखित तालिकाले तीनपाटन गाउँपालिकाको आ.व. ०७६/७७ को यथार्थ र आ.व. ०७७/७८ को यथार्थ तथा आ.व. ०७८/७९ को संसोधित अनुमान आय तथा सङ्घिय सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण तथा सर्शत अनुदान सम्बन्धी देहायमा उल्लेखित तालिकाले गाउँपालिकाको आय परिचालनको अवस्था देखाउँदछ।

तालिका ५: गाउँपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण (हजारमा)

| शिर्षक | आ.व. २०७६/०७७ को यथार्थ | आ.व २०७७/७८ को यथार्थ | आ.व २०७८/७९ को संसोधित अनुमान | वृद्धि दर % |
|---|---|---|---|---|
| **आय** | ५२३५९८ | ६५३००६ | ७५३१०४ | १२.९ |
| **राजस्व** | ९७५१९ | १२६४८४ | १४१२०९ | १३.१ |
| **आन्तरिक श्रोत** | ४०४६ | ९०९८ | ७२३२ | २१.४ |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | ९३४७३ | ११७३८५ | १३३९७७ | १२.७ |
| **अन्तर सहकारी वित्तीय हस्तान्तरण** | ४२६०७९ | ५२६५२२ | ६११८९५ | १२.८ |
| **नेपाल सरकारबाट प्राप्त अनुदान** | ४०३६०३ | ४६६६०५ | ५४७७७४ | १०.७ |
| १३३११ समानीकरण अनुदान | ११९७०० | ११९१०० | १२४६०० | १.३ |
| १३३१२ शर्शत अनुदान चालु | २७१७५६ | ३२८२०५ | ३७६१७४ | ११.४ |
| १३३१३ शर्शत अनुदान पुँजिगत | | | ३२२०० | |
| १३३१४ विषेश अनुदान चालु | ५४४७ | ११००० | | |
| १३३१५ विषेश अनुदान पुँजिगत | | | **७९००** | |
| १३३१६ समपुरक अनुदान चालु | ६७०० | ८३०० | ० | |
| १३३१७ समपुरक अनुदान पुँजिगत | | | ६९०० | |
| **प्रदेश सरकारबाट** | २२४६७ | ५९९१७ | ६४१२१ | ४१.८ |
| १३३११ समानीकरण अनुदान | १०३७७ | १०३८४ | १०४४० | ०.२ |
| १३३१२ शर्शत अनुदान चालु | १२०९९ | १९६१६ | ७७६७ | -१३.७ |
| १३३१३ शर्शत अनुदान पुँजिगत | | | १०००० | |
| १३३१४ विषेश अनुदान चालु | | | | |
| १३३१५ विषेश अनुदान पुँजिगत | | | ६००० | |
| १३३१६ समपुरक अनुदान चालु | | २९९१७ | | |
| १३३१७ समपुरक अनुदान पुँजिगत | | | २९९१४ | |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

तीनपाटन गाउँपालिकाको विगत ३ आ.व.को बजेटलाई विश्लेषण गर्दा आ.व. ०७६/७७ यताको आर्थिक वर्षमा राजस्व सङ्कलन कोभिड-१९ को महामारीको बिचमा पनि सकरात्मक नै रहेको देखिन्छ। आन्तरिक श्रोतको वृद्धि दर उच्च २१.४% रहेको देखिन्छ भने राजस्व बाँडफाँडबाट प्राप्त रकमको वृद्धि दर १२.७% रहेको देखिन्छ। समग्रतामा आन्तरिक राजस्वमा १३.१ प्रतिशतको वृद्धि रहेको देखिन्छ भने कुल आयमा १२.९% को वृद्धि दर रहेको छ। यसको निरन्तरता तर्फ तीनपाटन गाउँपालिकाले प्राथमिकता दिनुपर्ने देखिन्छ। अन्तर सहकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने आयमा प्रदेश सरकारबाट आउने आयको वृद्धि दर ४१.८% को तुलनामा र केन्द्र सरकारबाट प्राप्त भएको आयको औषत वृद्धि दर न्युन दर १०.७% मात्र रहेको देखिन्छ। सो को बृद्धिका लागि केन्द्र सरकारसँग प्रभावकारी समन्वय आवश्यक देखिन्छ। आन्तरिक श्रोतको सुदृढिकरणको लागि आवश्यक प्रयास चाल्नु अपरिहार्य रहेको छ। लेखा व्यवस्थापन प्रणालीमा शर्षिकगत राजस्व सङ्कलनको लेखा राख्ने गरेको देखिएन।

तीनपाटन गाउँपालिकाको विगत ३ आ.व.को बजेटलाई विश्लेषण गर्दा आ.व. ०७७/७८ मा राजस्व सङ्कलन उच्च रहेको पाइन्छ। करको दर न्यून रहेता पनि दायरा फराकिलो बनाइएकोले बृद्धि दर उच्च देखिएको छ। विगतका वर्षहरूमा भन्दा करको दायरा बृद्धि गर्दा समग्र बृद्धिदर बढी भएकाले आगामी दिनमा यही अनुसार बृद्धि हुने देखिदैन। आ.व. ०७८/७९ माा गाउँपालिकाले रु. ७२ लाख आन्तरिक श्रोतबाट र राजस्व बाँडफाँडबाट रु. १३ करोड ३९ लाख गरी रु. १४ करोड १२

लाख  आन्तरिक आयको अनुमान गरेको छ भने वाह्य आय तर्फ नेपाल सरकारबाट रु.५४ करोड ७७ लाख र प्रदेश सरकारबाट रु. ६ करोड ४१ लाख वित्तीय समानीकरण अनुदान र ससर्त अनुदान प्राप्त गरेको छ । यस तथ्याङ्कले गाउँपालिकाको आयमा वाह्य स्रोतको हिस्सा उल्लेख्य रहेको देखिन्छ । समग्र आय पछिल्लो बर्ष बढ्दै गएको देखिन्छ ।

## ३.५ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यो कार्ययोजना तर्जुमाको क्रममा तीनपाटन गाउँपालिकाको राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण गरिएको छ । तीनपाटन गाउँपालिकामा रहेको कर र गैर करका क्षेत्रको पहिचान, सम्भावना, सङ्कलन भएको नभएको दर निर्धारणको अवस्थाको बारेमा यो खण्डमा विश्लेषण गरिएको छ । तीनपाटन गाउँपालिका क्षेत्रमा पहिचान भएका आयका श्रोतहरूको निर्धारण भएको भएता पनि लक्ष अनुरुप उठ्न भने सकेको देखिँदैन ।

### ३.५.१ स्थानीय कर राजस्व

सम्पत्ति कर, भूमिकर (मालपोत), सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), घर जग्गा बहाल कर, व्यवसाय कर, जडीबुटी, कबाडी र जिवजन्तु कर, विज्ञापन कर, मनोरञ्जन कर जस्ता कर राजस्वको सम्भावनाका क्षेत्र तथा सङ्कलन भएको नभएको तथा दर निर्धारणको अवस्था बारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: कर राजस्व तर्फको सम्भावना विश्लेषण

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| १ | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | नभएको | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |
| ६ | जडीबुटी, कबाडी र जिवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | नभएको |
| ८ | मनोरञ्जन कर | भएको | भएको | नभएको |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

### ३.५.२ गैरकर राजस्व

विभिन्न शुल्क, दस्तुर तथा सेवा प्रदान गरे वापतको दस्तुर तथा सेवा शुल्क जस्ता गैरकर राजस्वको सम्भावनाका क्षेत्र तथा सङ्कलन भएको नभएको तथा दर निर्धारणको अवस्था बारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७: गैरकर राजस्व तर्फको सम्भावना विश्लेषण

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | नभएको | नभएको | नभएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | नभएको | नभएको | नभएको |
| ३ | वन पैदावार (सामुदायिक वनको) बिक्री वापतको आय | भएको | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | भएको | भएको | भएको |
| ६ | बहाल बिटौरी शुल्क | भएको | भएको | भएको |
| ७ | पार्किङ्ग शुल्क | नभएको | नभएको | नभएको |
| ८ | अस्पताल सञ्चालन | भएको | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | नभएको | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिप फ्लायर,प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| १३ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, बसपार्क, पुलआदि) | नभएको | नभएको | नभएको |
| १४ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | भएको | भएको | भएको |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | नभएको | नभएको | नभएको |
| १७ | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १८ | दण्ड जरिवाना | भएको | भएको | भएको |

स्रोतः तीनपाटन गाउँपालिका २०७९

## ३.६ आन्तरिक राजस्व सङ्कलनको सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक स्रोत तर्फ सङ्कलन गर्ने राजस्व मध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शीर्षक अन्तर्गत गरिएको छ ।

३.६.१ भूमिकर तथा मालपोत कर

विगतका आ.व.मा यस गाउँपालिकामा मालपोत तथा भुमिकर सङ्कलन गरेको विगतका विवरणहरूको समिक्षा गर्दा देखिन्छ । अथवा एकमुष्ट आयमा उल्लेख गरी रेकर्ड गरिएको पनि हुन सक्छ । तसर्थ यो राजस्व सुधार कार्ययोजना प्रयोजनको लागि विगतको भरपर्दो आधार नभेटिएको हुँदा प्रक्षेपण गरिएको छैन । मालपोत सङ्कलनको कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:**

- मालपोत कार्यालयसँग समन्वय गरी तीनपाटन गाउँपालिका भित्रका जग्गाधनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच पुगेको स्थानको जग्गा लगायत जग्गाको मूल्याङ्कनको मालपोतको दर निर्धारण गर्ने ।
- मालपोतको दर परिमार्जन गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने । बक्यौता मालपोत रकमलाई यथासिघ्र सङ्कलन गरी सबैलाई दायरामा ल्याउने ।
- मालपोत वा भूमिकर निर्धारण गर्दा बाटो, सडक सुविधा, उत्पादन, प्रचलित बजार मुल्यको आधारमा निर्धारण गर्ने

३.६.२ सम्पत्ति कर

सम्पत्ति कर गाउँपालिकाको लागि नेपालको संविधान र कानुनले दिएको आम्दानीको मुख्य सम्भावनाको श्रोत हो । गाउँपालिकाको आम्दानी बढाउन यसले मुख्य भूमिका खेल्न सक्छ । हालसम्म तीनपाटन गाउँपालिकाले सम्पत्ति कर लागु गरेको छैन । सम्पत्ति करलाई नेपाल सरकारले अनिवार्य लागू गर्ने भनी २०७५ सालबाट तय गरेको र स्थानीय आयको राम्रो सम्भावनाको क्षेत्र भएको हुनाले न्युनतम दरमा नै भएपनि यसको शुरुवात गर्नुपर्ने देखिन्छ ।

तीनपाटन गाउँपालिकाको २०७५ सालमा भएको घरधूरी सर्वेक्षण अनुसार कुल ७६८२ परिवार रहेको मध्ये कुल ७०४८ परिवार आफ्नै निजी घरमा रहेको देखिन्छ । यसका आधारमा सम्पत्ति करको प्रक्षेपण गर्दा सम्पत्ति करको सम्भावना देहाय बमोजिम देखिन्छ:

तालिका ८: सम्पत्ति कर सम्भावनाको गणना

| **अनुमानित अचल सम्पत्ति मूल्याङ्कन** | **अनुमानित करदाता संख्या** | **करदाता संख्या प्रतिशत** | **कर दर** | **अनुमानित प्रक्षेपण** |
|---|---|---|---|---|
| पहिलो रु. १० लाख रुपैयासम्म | ३५२४ | ५० प्रतिशत | १०० | ३५२४०० |
| रु. १० देखि २५ लाखसम्म | १४१० | २० प्रतिशत | २५० | ३५२४०० |
| रु. २५ देखि ५० लाखसम्म | ७०५ | १० प्रतिशत | ५०० | ३५२४०० |
| रु. ५० देखि ७५ लाखसम्म | ३५२ | ५ प्रतिशत | ७५० | २६४३०० |
| रु. ७५ देखि एक करोडसम्म | ३५२ | ५ प्रतिशत | १००० | ३५२४०० |
| रु. १ देखि २ करोडसम्म | २८२ | ४ प्रतिसत | १५०० | ४२२८८० |
| रु. २ देखि ३ करोडसम्म | २११ | ३ प्रतिशत | २५०० | ५२८६०० |
| रु. ३ देखि ५ करोडसम्म | १४१ | २ प्रतिशत | ३५०० | ४९३३६० |
| रु. ५ करोड देखि माथि | ७० | १ प्रतिशत | ५००० | ३५२४०० |
| **जम्मा** | **७०४८** | | | **३४७११४०** |

स्रोत: राजस्व सुधार कार्ययोजना २०७९

सम्पत्ति कर प्रणाली लागु भए पश्चात् सो को कुल सम्भावना करिब ३४ लाख ७१ हजार आम्दानी गर्न सकिने अवस्था देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:**

- गाउँपालिकाको आर्थिक ऐनमा संविधान र सङ्घीय कानुनको व्यवस्था अनुसार आर्थिक ऐनमा प्रगतिशिल करको सम्पत्ति कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- गाउँपालिका भित्र भएका जग्गा तथा सम्पत्तिको मापदण्ड निर्धारण गरी मूल्याङ्कन गर्ने कार्य तथा सम्पत्तिको स्वघोषणाका कार्यलाई प्राथमिकता दिने । गाउँपालिकामा करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारीताका साथ सञ्चालन गर्ने ।
- सबै वडा कार्यलयमा राजस्व सम्बन्धी कर्मचारीको व्यवस्था गरि कम्प्यूटरकृत विलिङ्ग प्रणालीको व्यवस्था गर्ने ।
- कर तिर्नको लागि नागरिकलाई उत्प्रेरित गर्ने । करलाई नागरिकले बोझको रुपमा नलिने वातावरण तयार गर्ने ।

*३.६.२.१ बहाल कर*

स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र परेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार स्थानीय तहमा नै रहेकोले गाउँपालिकाले वार्षिक बहाल रकमको आधारमा बहाल कर निर्धारण गरेमा उपयुक्त हुने देखिन्छ । (साविकमा आय कर अन्तर्गत आन्तरिक राजस्व कार्यालयमा १० प्रतिशत तथा स्थानिय तहमा २ प्रतिशत गरी जम्मा १२ प्रतिशत बहाल करको व्यवस्था रहेको थियो) । सामान्यतया व्यवसाय नविकरण गर्ने वा अन्य विभिन्न प्रयोजनबाट गाउँपालिकाबाट सेवा प्राप्त गर्नुपर्ने भएको खण्डमा मात्र बहालकर तिर्ने चलन समग्र नेपालमा नै रहेको देखिन्छ । यसबाट यो गाउँपालिका पनि फरक रहेको देखिँदैन । तीनपाटन गाउँपालिकामा कानुनी रुपमा बहाल कर शनिर्धारण गरिएको भ एता पनि यसको व्यवस्थित प्रयोगमा ल्याउन सकिएको छैन ।

कति बहालमा रहेका छन् भन्ने बारेको यकिन तथ्याङ्क गाउँपालिकासँग अद्यावधिक विवरण उपलब्ध रहेको छैन । तीनपाटन गाउँपालिकाको २०७५ सालमा भएको घरधूरी सर्वेक्षण अनुसार कुल ७६८२ परिवार रहेको मध्ये कुल ९६ परिवार भाडामा रहेको देखिन्छ । सोही आधारमा कुल ९६ परिवार भाडामा बसोबास गर्ने आधार लिई बहाल कर प्रक्षेपण गरिएको छ । यहाँ प्रस्तुत गरिएको बहाल कर प्रगतिशिल रुपमा प्रक्षेपण गरिएको छ ।

तालिका ९: घरबहाल कर सम्भावनाको गणना

| क.सं. | आवासिय भाडा दर (वार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | ३०००० (५० प्रतिशत) | ४८ | ०.०१ | १४४०० |
| २ | ५०००० (२० प्रतिशत) | १९ | ०.०१५ | १४४०० |
| ३ | ८०००० (१५ प्रतिशत) | १४ | ०.०२ | २३०४० |
| ४ | १२०००० (१० प्रतिशत) | १० | ०.०२५ | २८८०० |
| ५ | १५०००० (५ प्रतिशत) | ५ | ०.०३ | २१६०० |
| | **जम्मा** | ९६ | | १०२२४० |

स्रोतः तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७९

तीनपाटन गाउँपालिकाको यो राजस्व सुधार कार्ययोजना लागु भए पश्चात् बहाल कर वापत रु. १ लाख ०२ हजार अनुमानित आम्दानी गर्न सकिने सम्भावना रहेको छ। सार्वजनिक जमिन उपयोग गरेवापत बहाल बिरौटी कर आ.व २०७७/७८ मा सङ्कलन गरेको देखिदैन । सम्भावनाको

पहिचान गरी बिटौरी कर तोकी कार्यान्वयनमा ल्याउन सक्ने देखिन्छ । तसर्थ व्यवस्थित मापदण्ड बनाई बिरौटी कर लिने सम्भावना रहेको भएमा पहिचान गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- स्थलगत सर्भेक्षण गरी भाडामा रहेका संरचना र भाडामा लाग्न सक्ने संरचनाहरूको यथार्थ विवरण सङ्कलन गरी लगत तयार गर्ने ।
- घर जग्गा बहाल कर निर्धारण गर्ने र उठाउने सम्बन्धी कार्यविधि कानुनको निर्माण गरी लागु गर्ने । घर बहाल कर असुली कार्यलाई कडाईका साथ लागु गरी त्यस्तो कर नतिर्ने व्यक्तिहरुलाई गाउँपालिकाबाट उपलब्ध गराईने सेवा सुविधा बंचित गर्ने जस्ता नीति लिने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने । बिरौटी करलाई व्यवस्थित गर्दै थप आय बृद्धि गर्न सकिने ।

३.६.३ वित्तीय र पुँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर)

यस तीनपाटन गाउँपालिकाले विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । गाउँपालिकामा दर्ता भएर सञ्चालनमा रहेका व्यवसाय न्युन मात्रामा रहेका छन् । यकिन संख्या गाउँपालिकामा पनि रहेको छैन ।

गाउँपालिकाले आय बृद्धिका लागि गाउँपालिका क्षेत्रमा दर्ता भएका व्यवसाय सम्बन्धी यथार्थ तथ्याङ्क सङ्कलन गर्नुपर्ने र करको दायरामा ल्याउनु पर्ने देखिन्छ । गाउँपालिकामा भएको व्यवसाय तथा सङ्घसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नविकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । स्थानीय तहहरूको गठनसँगै गाउँपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित सङ्घ संस्थाहरू एकपटक गाउँपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन ।

**(क) व्यवसाय कर**

यहाँ हालसम्म गाउँपालिकामा दर्ता भएर सञ्चालन भएका व्यवसायहरूको कुल संख्या २४९ रहेको छ जसमा १०५ वाणिज्य तर्फ र १४४ उद्योग तर्फ रहेका छन् । एक वडामा करिब ४० वटा साना वा ठूला प्रकारका व्यवसाय रहेका छन् भन्ने आँकलन गरी त्यसका आधारमा प्रक्षेपण गरिएको छ । एक वडामा ४० वटा व्यवसाय छन् भन्ने आधारमा गाउँपालिकामा ११ वटा वडा रहेको भएमा कुल ४४० विभिन्न व्यवसायबाट हालको अवस्थामा देहाय बमोजिमको व्यवसाय करको कुल सम्भावना रहेको देखिन्छ ।

तालिका १०: व्यवसाय कर सम्भावनाको गणना

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० लाख सम्म (६० प्रतिसत) | २६४ | १००० | २६४००० |
| २ | २० देखि ५० लाख (१५ प्रतिसत) | ६६ | २,५०० | १६५००० |
| ३ | ५० देखि ७० लाखसम्म (१० प्रतिसत) | ४४ | ४,००० | १७६००० |
| ४ | ७५ लाख देखि १ करोडसम्म (७ प्रतिसत) | ३१ | ५,००० | १५४००० |
| ५ | १ करोड देखि ५ करोडसम्म (५ प्रतिशत) | २२ | ७,५०० | १६५००० |
| ६ | ५ करोड देखि १० करोडसम्म (२ प्रतिशत) | ९ | १०,००० | ८८००० |
| ७ | १० करोड देखि माथि (१ प्रतिशत) | ४ | १५,००० | ६६००० |
| | **जम्मा** | **४४०** | | **१०७८०००** |

स्रोतः तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७९

### (ख) व्यवसाय रजिष्ट्रेशन दस्तुर

हालको कानुनी व्यवस्था अनुसार गाउँपालिकाले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक सङ्घ संस्थाहरूको दर्ता, नविकरण गरी सो को दस्तुर सङ्कलन गर्न सक्ने छ। प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहाय बमोजिमको रहेको छ। तीनपाटन गाउँपालिकामा व्यवसाय दर्ताको प्रचलन कम नै रहेकोबाट एक वर्षमा एक वडामा १ ठूला, २ मध्यम र ७ साना व्यवसाय वार्षिक रुपमा दर्ता हुनसक्छन् भन्ने आधारमा ११ वटा वडामा १० वटाका दरले वार्षिक रुपमा कुल ११० नयाँ व्यवसाय दर्ता हुन सक्ने आँकलन गरी आय प्रक्षेपण गरिएको छ।

तालिका ११: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना

| क्र. सं. | विवरण | प्रस्तावित दर | अनुमानीत संख्या | सम्भाव्य दर्ता आय (रु.) |
|---|---|---|---|---|
| १ | ठुला लगानीका व्यवसायहरु | ५,००० | ५ | २५,००० |
| २ | मध्यम लगानीका व्यवसायहरू | २,००० | २८ | ५६,००० |
| ३ | साना लगानीका व्यवसायहरू | १,००० | ७७ | ७७,००० |
| | **जम्मा** | | **११०** | **१५८,०००** |

स्रोत: तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७९

तीनपाटन गाउँपालिकाले यो राजस्व सुधार कार्यायोजना लागु भए पश्चात् सो दरमा बृद्धि भई व्यवसाय नविकरण वापत रु.१०७८०००/- र नयाँ दर्ता वापत रु.१५८०००/- अनुमानीत आम्दानी गर्न सक्ने सम्भावना रहेको देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- गाउँपालिका क्षेत्रमा दर्ता गरेर मात्र व्यवसाय गर्ने बानीको विकास गराउनु पर्ने। नागरिकलाई व्यवसाय कर तिन उत्प्रेरित गर्ने प्रकारका कार्यक्रम कार्यान्वयनमा ल्याउने।
- व्यवसाय कर सम्बन्धी आवश्यक सूचनासहितको व्यवसायहरूको यथार्थ विवरण सङ्कलन तथा अद्यावधिक गर्ने। व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने। व्यवसायलाई लगानीको आधारमा र उत्पादन क्षमताका आधारमा साना, ठुला मझौला व्यवसायको रुपमा वर्गिकरण गरी सोही अनुरुप करको दर निर्धारण गर्ने।
- नवप्रवर्तन स्थानिय रोजगारी पवर्धन गर्ने उद्योगहरुलाई आवश्यक प्रोत्साहानका कार्यक्रम सञ्चालन गर्ने। व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागु गर्ने।
- नेपाल सरकारले व्यवस्था गरे बमोजिम प्यान तथा भ्याट अनिवार्य गरी प्रत्येक व्यवसायी लाई व्यावसायीक संकेत नम्बर प्रदान गर्ने।

३.६.४ अन्य सेवा शुल्क

गाउँपालिकाले गाउँपालिकाबासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरे वापत तोकिएको दरमा सेवा शुल्क सङ्कलन गर्ने सक्ने प्रावधान अनुरुप गाउँसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू सङ्कलन गरिरहेको छ। गाउँपालिकाले उपलब्ध गराएको सेवा वापत गाउँपालिकाले न्युनतम दरमा निर्धारण गरी सेवाको दायरा बिस्तार गरी नागरिकलाई बढी सेवा

प्रदान गर्ने र बढी शुल्क लिने व्यवस्था गर्न सकिन्छ । बढी सेवा बढी करको अवधारणा कार्यान्वयन गर्न सकिन्छ । गाउँपालिकाको तर्फबाट कानुन बमोजिम प्रदान गर्न सहिने सेवा सुविधा प्रदान गरी नागरिकलाई त्यस वापत शुल्क लिने सम्भाव्य क्षेत्रको पहिचानको लागि श्रोत सर्वेक्षण गर्ने र नयाँ सेवा क्षेत्रको पहिचान गर्ने ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

- गाउँपालिका तथा वडाबाट नागरीकलाई दिन सकिने गरिने नयाँ सेवा क्षेत्रको पहिचान गर्ने ।
- सिफारिसलाई “एक पटक दिने र बारम्बार दिने” गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।
- गाउँपालिका तथा वडाबाट गरिने सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै व्यवस्थित एकिकृत रेकर्ड राख्ने । सेवा प्रवाह चुस्त दुरुस्त, प्रविधि मैत्री र छिटो छरितो बनाउने ।

३.६.५ दस्तुरहरू

यस अन्तर्गत भुमिकास्थान गाउँपालिकाले प्रदान गर्ने सङ्घसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन गाउँपालिकाको प्रमुख आन्तरिक श्रोत हो । कुन सेवा प्रदान गरेवापत कति आय सङ्कलन भयो भन्ने यकिन छुट्टै लेखा नराखिएको भएपनि एकमुष्ट रुपमा राख्ने गरेको छ ।

गाउँपालिकाले सिफारिस दस्तुरको दररेट गाउँसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शीर्षकहरूमा रकम समेत सङ्कलन गरिरहेको छ । गाउँपालिकाले कानुन बमोजिम असुली गर्न सक्ने दस्तुरहरू, जस्तो सवारी प्रवेश दस्तुर जस्ता सम्भाव्य क्षेत्रको पहिचानको लागि श्रोत सर्वेक्षण गर्ने र नयाँ सेवा क्षेत्रको पहिचान गर्ने ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

गाउँपालिका तथा वडाबाट गरिने सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै व्यवस्थित एकिकृत रेकर्ड राख्ने । विभिन्न किसिमका सिफारिस तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुर दर परिमार्जन गर्ने । सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने । दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने । वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

**क) नक्सा पास दस्तुरः**

तीनपाटन गाउँपालिकाको २०७५ सालमा भएको घरधूरी सर्वेक्षण अनुसार कुल ७६८२ परिवार रहेको मध्ये कुल ७०४८ परिवार आफ्नै निजी घरमा रहेको देखिन्छ । जसमध्ये १२४३ वटा घर पक्की रहेका छन् । तर हालसम्म नक्सापासको दृष्टिकोणबाट हेर्दा गाउँपालिका क्षेत्रमा नक्सापास गर्ने प्रचलन शुरुवात भई हालसम्म ३५ वटा घरको नक्सा पास भएको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यो गाउँपालिकामा जनगणना भएको घर संख्या ७६६९ रहेकोमा सो मध्ये ९० प्रतिशत अभिलेखीकरण हुन बाँकी रहेका छन् र त्यस्ता घर ७० प्रतिशत कच्ची र २० प्रतिशत पक्की रहेका छन् भन्ने आधारमा नक्सा पास दस्तुर र अभिलेखीकरण शुल्कको प्रक्षेपण गरिएको छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा

पास र पुराना घरहरूको दर्ता (अभिलेखीकरण) को अनुमानीत संख्या र गाउँसभाले पास गर्ने औसत दस्तुरको आधारमा गणना गर्दा देहाय बमोजिम नक्सा पास दस्तुर सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

तालिका १२: नक्सा पास दस्तुरको सम्भावनाको गणना

| क्र.सं. | विवरण | संख्या | औसत दर | सम्भाव्य आय |
|---|---|---|---|---|
| १ | घर नक्सा पास | | | |
| | पक्की घर (५० प्रतिशत) | ५५ | १५,००० | ८२५,००० |
| | अन्य घर (५० प्रतिशत) | ५५ | १,५०० | ८२,५०० |
| | घर नक्सा पास जम्मा | ११० | | ९०७,५०० |
| २ | अभिलेखीकरण | | | |
| | पक्की घर (२० प्रतिशत) | १५३४ | १,५०० | २,३००,७०० |
| | कच्ची घर (७० प्रतिशत) | ६१३५ | ५०० | ३,०६७,६०० |
| | अभिलेखीकरण जम्मा | ७६६९ | | ५,३६८,३०० |
| | **जम्मा** | | | **६,२७५,८००** |

स्रोत: तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७९

तीनपाटन गाउँपालिकाले नक्सापास दस्तुर दर निर्धारण गरेको छ । आर्थिक वर्ष २०७९/८० मा गाउँपालिकाले घर नक्सा पास र अधावधिकको कार्यलाई नियमित बनाउने हो भने यस गाउँपालिकलाले घर नक्सा पास र अभिलेखीकरण शीर्षकबाट रु. ६२ लाख ७५ हजार आम्दानी गर्न सक्ने सम्भावना रहेको छ। यसको लागि गाउँपालिकाले एक अभियानको रुपमा घर अभिलेखीकरण र अध्यावधिक गर्ने कार्य गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने । भुकम्प प्रतिरोधी भवन निर्माण कार्यलाई प्रोत्साहान गरी सो सम्बन्धी जनचेतनाका कार्य सञ्चालन गर्ने ।
- नक्सापास नगरी घर बनाउन नपाउने नियम कडाइका साथ कार्यान्वयन गरिनु पर्दछ । घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- घर अभिलेखीकरणका लागि मालपोत सङ्कलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गरी गाउँपालिका भित्रमा रहेका भवनको यथार्थ विवरण सङ्कलन गर्ने । भवन निर्माण आचारसंहिता लागु गरी मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।

### ३.६.६ अन्य विविध आय

तीनपाटन गाउँपालिकाले विभिन्न किसिमका फारामहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा गाउँपालिकाद्धारा प्रदान गर्ने सङ्घसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस दण्ड जरिवाना, पेश्की फिर्ता, घ वर्गको निर्माण इजाजतपत्र

दस्तुर लगायत अन्य विविध आयहरू रहेका छन् जुन गाउँपालिकाको आन्तरीक आय मध्येको एक मुख्य आय हो । गाउँपालिकाले सिफारिस दस्तुरको दररेट गाउँसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शीर्षकहरुमा रकम समेत सङ्कलन गरिरहेको छ । यो नियमित आम्दानीको श्रोतको रुपमा रहेको हुँदा यसमा थप प्रक्षेपण गरिएको छैन । गाउँपालिकाले चालु आ.व.को अनुमानित प्रक्षेपणलाई नै आधार बनाईएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- दाताहरूको पहिचान गरी नयाँ सम्भाव्य योजनामा लगानीको लागि प्रोत्साहन गर्ने । लगानी मैत्री वातावरण निर्माण गरी अन्य श्रोतबाट आयको क्षेत्र बिस्तार गर्दै लैजाने । सम्भावित करदाताको पहिचान गरी दायरा बढाउनको लागि उनिहरूसँग समन्वय गर्ने ।
- विभिन्न किसिमका सिफारिस तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर परमार्जन गर्ने ।
- कर सङ्कलनको क्षेत्रमा कार्य गर्ने कर्मचारीलाई आवश्यक पर्ने औजारको उचित प्रबन्ध गर्ने ।
- नेपालका अन्य आन्तरिक आय बृद्धि गर्न सफल रहेका स्थानीय निकायको अवलोकन गरी कर, गैरकर तथा अन्य आयका श्रोतहरूको पहिचानको लागि अनुभव र सीप हस्तान्तरणको व्यवस्था मिलाउने ।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यस गाउँपालिकाले राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ। राजस्व परिचालनका लागि यस गाउँपालिकाले हालसम्म निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको छ :

१. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि शुत्र सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिएको छ।
२. तोकिए बमोजिमको कर नियमित र सहज एवम् प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ।
३. गाउँक्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइएको छ।
४. गाउँपालिकाको आर्थिक क्षमता बढाउनका लागि गाउँक्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइएको छ।
५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ।

प्रस्तुत तालिकामा तीनपाटन गाउँपालिकाको राजस्व परिचालनको नीतिगत विश्लेषण संगठनात्मक व्यवस्था, राजस्व प्रशासन सञ्चालनको अवस्था र सूचना तथा समन्वयको अवस्था गरी तीन वटा उपशीर्षकमा प्रस्तुत गरिएको छ।

तालिका १३: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| क) संगठनात्मक व्यवस्था | छ | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | सहायक पाँचौ १ का.स. १ पूर्ण छैन। | आवश्यकता अनुरूप दरवन्दी व्यवस्था गर्दै लाने। |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | छैन | राजस्व शाखाको लागि कार्यविवरण तयार गर्ने |
| राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ की छैन ? | छैन | |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ | यातायातको व्यवस्था गर्नुपर्ने। |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | छ | |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छैन | समय समय मा क्षमता बिकास तालिम को व्यवस्था गर्नुपर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छ | घटना दर्ता, सम्पतिकर तथा मालपोत कर, सिफारिस आदी |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | | |
| ख) राजस्व प्रशासन सञ्चालनको अवस्था | नभएको | करदाता विबरण अद्याबदिक गर्नुपर्ने । |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | न.पा. कार्यालयले मात्र प्रयोग | |
| गाउँपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | हुने गरेको छ । | गाउँ सभाले अन्य विभिन्न करका दर हरू निर्धारण गर्नुपर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रुपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | - दायरा समेट्न नसकेको<br>- समयमै राजस्व नतिर्ने<br>- प्रचार/प्रसार गर्न नसकेको | राजस्व सम्बन्धी जनजागरण कार्यक्रम हरू व्यापक रुपमा सञ्चालन गर्नुपर्ने । |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | दण्ड जरीवानाको व्यवस्था रहेको । | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने । |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छैन<br>- गत आ.व.सम्म रहेको राजस्व कम उठ्ने हुँदा छुट छैन जरिवाना छ । | आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने । |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छैन | राजस्व सम्बन्धी जनजागरण कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गर्नुपर्ने । |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छ<br>- न.पा. मा गुनासो सुन्ने अधिकारी सूचना अधिकृत | |
| गाउँपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था केकस्तो छ ? | कार्यालय प्रमुखद्वारा समय समयमा गरीने | कार्यकारी प्रमुख तथा राजस्व परामर्श समितिद्वारा अनुगमन गर्ने व्यवस्था गर्नु पर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | छ | |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | | |
| ग) सूचना तथा समन्वयको अवस्था | छ | राजस्व सम्बन्धी जनजागरण कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गर्नुपर्ने |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग बोर्ड, बेव साईट आदि) | छ । | |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | छ । | राजस्व परामर्श समितिको बैठक नियमित रुपमा मासिक रुपमा बस्नु पर्ने । |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? ( बैठक संख्या, निर्णयहरु आदि) | नभएको । | सरोकारवालाको सहभागीता बढाउन पहल गर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | छ । | राजस्व शाखा लाई छुट्टै दरबन्दी गराई संगठन संरचनामा राख्नु पर्ने । |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | भएको । | |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | छ । | |
| गाउँपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ । | वेरुजु फछ्र्यौटको लागि आवश्यक योजना बनाउने । |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | छ । | |

स्थानीय जनता जगरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरुले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

### ४.२.१ राजस्व परामर्श समिति

राजस्वलाई बजेटको मेरुदण्डको रुपमा लिने गरिन्छ। राजस्व प्रणाली र राजस्व प्रशासनको अवस्थाले सरकारको समग्र अवस्था र प्रभावकारितामा अग्रणी स्थान राख्दछ। गाउँपालिकाको आर्थिक विकास र सम्बृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा स्थानीय तहलाई सुझाव दिने संयन्त्रको रुपमा स्थानीय राजस्व परामर्श समिति रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपअध्यक्षको संयोजकत्वमा गठित यस समितिमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको दुई जना सदस्य निजि क्षेत्रको तर्फबाट उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य,घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य गरी अधिकतम सात जनासम्म सदस्य रहने व्यवस्था छ। यस गाउँपालिकामा देहायमा उल्लेख भए बमोजिमको ७ सदस्य राजस्व परामर्श समिति रहेको छ ।

तालिका १४: तीनपाटन गाउँपालिकाका राजस्व परामर्श समितिका पदाधिकारीहरू

| क्र.सं. | पद | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | उपाध्यक्ष | संयोजक |
| २ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | कार्यपालिका सदस्य | सदस्य |
| ४ | कार्यपालिका सदस्य | सदस्य |
| ५ | उ.वा.सङ्घ प्रतिनिधि | सदस्य |
| ६ | घरेलु प्रतिनिधि | सदस्य |
| ७ | आर्थिक प्रशासन शाखा प्रमुख | सचिब |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेस गरेको थियो । गाउँपालिकाको संवैधानिक तथा कानुनी आधार र सीमा भित्र रहेर गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ। राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरी गाउँसभाले सो दर स्वीकृत गरेको छ। आयका शीर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाउँसभाबाट आर्थिक ऐन पारित गरिएको हो । गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति वित्तीय व्यवस्थापन तथा सुशासन शीर्षकमा देहाय अनुसार उल्लेख रहेका छन्:

- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि तयार गरिएको राजस्व सुधार योजना तुरुन्त कार्यान्वयन गरिएको थियो ।
- आन्तरिक स्रोतको पहिचान गरी पहिचान भएका क्षेत्र समावेश गरी आय सङ्कलनमा बृद्धि गर्ने प्रयासको थालनी गरिएको थियो ।
- सङ्घीय सरकार, प्रदेश सरकार, महालेखा परीक्षक, महालेखा नियन्त्रक कार्यालय तथा केन्द्रिय लेखा प्रणालीका आम्दानी तथा खर्च शीर्षकहरुमा गाउँपालिकाको आय तथा व्ययका शीर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली सञ्चालन गरिएको थियो ।
- नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार बमोजिम गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा दस्तुर, शुल्क, कर लगाइने छ ।
- राजस्व सङ्कलनको प्रक्रियामा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी करको रकमलाई पारदर्शिता र विश्वसनीयताका साथ सही ठाउँमा प्रयोग गरिएको थियो । उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिएको थियो । सार्वजनिक खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिएको थियो ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिइने छ ।
- "सूचना, तपाईको अधिकार भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिएको थियो ।
- गाउँपालिकाको सबै सूचनाहरु वेबसाईट, सामाजिक संजाल पेज, रेडियो तथा पत्र पत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाइने छ ।
- प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिएको थियो ।

### ४.२.२ तीनपाटन गाउँपालिकाको राजस्व प्रशासन

यस गाउँपालिकामा राजस्व प्रशासनको लागि बेग्लै राजस्व शाखा स्थापना गरिएको छ। गाउँपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ्ग सफ्टवेयर सहितको) प्रयोग गरिएको छ । यस शाखामा फर्निचर, कम्प्युटर, प्रिन्टर तथा अन्य भौतिक सुविधा उपलब्ध गराइएको छ । राजस्व सम्बन्धी डाटा अनलाइनबाट प्रविष्ट गर्ने गरिएको छ। राजस्व असुलीको लागि SUTRA सफ्टवेयरको प्रयोग गरिएको छ। निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै सङ्कलन गर्ने व्यवस्था रहेको छ। दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास गाउँपालिका कार्यालयबाटै हुने गरेको छ ।

### ४.२.३ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

गाउँपालिकाको धेरैजसो आम्दानी यसका वडाहरूबाट सङ्कलन गर्ने गरिएको छ । गाउँपालिकामा राजस्व शाखा गठन गरी एक सहायक स्तर पाचैं तहको कर्मचारीलाई राजस्व शाखा हेर्ने गरी जिम्मेवारी दिइएको छ ।

## ४.३ तीनपाटन गाउँपालिकाको वर्तमान आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत तीन बर्षको आय परिचालनको अवस्था अन्तर्गत आर्थिक बर्ष २०७६/७७ को यथार्थ सङ्कलन, गत आर्थिक बर्ष २०७७/७८ को यथार्थ सङ्कलन, आर्थिक बर्ष २०७८/७९ को संसोधित अनुमानको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ। आन्तरिक आयमा बेरुजुको रकम, बैङ्क मौज्दात र लागत सहभागितालाई जोडिएको छैन।

तालिका १५: तीनपाटन गाउँपालिकाकाको वर्तमान आन्तरिक आय परिचालन (हजारमा)

| शिर्षक | आ.व. २०७६/०७७ को यथार्थ | आ.व २०७७/७८ को यथार्थ | आ.व २०७८/७९ को संसोधित अनुमान | वृद्धि दर % |
|---|---|---|---|---|
| **राजस्व** | ९७५१९ | १२६४८४ | १४१२०९ | १३.१ |
| **आन्तरिक श्रोत** | ४०४६ | ९०९८ | ७२३२ | २१.४ |
| ११!३१ सम्मत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १४२ | ० | ७२३२ | |
| ११३१३ सम्पत्ति कर | ८९३ | | | |
| ११३१४ भुमिकर मालपोत | | | | |
| ११३२१ घरवहाल कर | ९५ | | | |
| ११३२२ बहाल विरौटी कर | | | | |
| ११६११ व्यावसायले भुक्तानी गर्ने | ११० | | | |
| ११६९१ अन्य कर | | ९०९८ | | |
| १४१५९ अन्य श्रोतबाट प्राप्त रोयल्टी | | | | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २०७५ | | | |
| १४२२१ न्यायिक दस्तुर | | | | |
| १४२२४ परिक्षा शुल्क | | | | |
| १४२२९ अन्य प्रशासनिक सेवा सुल्क | | | | |
| १४२४२ नक्सापास दस्तुर | | | | |
| १४२४३ सिफारिस दस्तुर | ७३१ | | | |
| १४२४४ व्यक्तिगत घटना दस्तुर | | | | |
| १४२४५ नाता प्रमाणित दस्तुर | | | | |
| १४२४९ अन्य दस्तुर | | | | |
| १४२५३ व्यवसाय रजिष्टेशन कर | | | | |
| १४६११ व्यवसाय कर | | | | |
| १५११२ निकासी फिर्ता | | | | |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | ९३४७३ | ११७३८५ | १३३९७७ | १२.७ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ४६२ | | | |
| ११४११ बाँडफाँडभई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ५४८४२ | ११७३८५ | ५१०८२ | -२.३ |
| ११४२१ बाँडफाँडभई प्राप्त हुने अन्त:शुल्क | १७९३३ | | ५१०८२ | ४१.८ |
| ११४५६ बाँडफाँबाट प्राप्त हुने सवारी साधन कर | १९९४५ | | ३१८१३ | १६.८ |
| १४१५३ बाँडफाँड भई प्राप्त हुने वन रोयल्टी | २९१ | | | |

स्रोत: तीनपाटन गाउँपालिका २०७९

तीनपाटन गाउँपालिकाको आन्तरिक श्रोत तर्फ आर्थिक वर्ष २०७६/७७ को यथार्थ सङ्कलन रू. ४० लाख, आर्थिक वर्ष २०७७/७८ को यथार्थ सङ्कलन रू.९० लाख, आर्थिक वर्ष ०७८/७९ को

संसोधित आय रू. ७२ लाख रहेको देखिन्छ । राजस्व बाँडफाँडबाट आर्थिक वर्ष २०७६/७७ को यथार्थ सङ्कलन रू. ९ करोड ३४ लाख, आर्थिक वर्ष २०७७/७८ को यथार्थ सङ्कलन रू. ११ करोड ७३ लाख, आर्थिक वर्ष ०७८/७९ को संसोधित आय रू. १३ करोड ३९ लाख रहेको देखिन्छ । आन्तरिक श्रोत र राजस्व बाँडफाँडबाट प्राप्त रकम गरी आर्थिक वर्ष २०७६/७७ को यथार्थ सङ्कलन रू. ९ करोड ७५ लाख, आर्थिक वर्ष २०७७/७८ को यथार्थ सङ्कलन रू. १२ करोड ६४ लाख, आर्थिक वर्ष ०७८/७९ को संसोधित आय रू. १४ करोड १२ लाख जम्मा आन्तरिक आय रहेको छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाले राजस्व प्रशासनसँग सम्बन्धित देहाय बमोजिमको कार्यहरू गर्नुपर्ने देखिन्छः

- कर तिर्नु नागरिकको दायित्व हो भन्ने वोध गराउन नसक्नु मुख्य चुनौतीको रुपमा रहेको छ । अर्को तर्फ नागरिकको करबाट प्राप्त भएको आम्दानी गाउँपालिकाको हितमा परिचालन गर्न यथेष्ठ नहुनु पनि मुख्य सवाल रहेको छ । नागरिकको कर नागरिककै हितमा भन्ने अवधारणाको कार्यान्वयनमा गाउँपालिका लाग्नुपर्ने देखिन्छ ।
- सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने ।
- करको सम्भावना भएका शीर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।
- राजस्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा सञ्चालन गर्नुपर्ने ।
- गाउँपालिकाको संगठन संरचनामा राजस्व शाखा गठन भइसकेको छ । कम्प्युटर अपरेटर मार्फत राजस्व सम्बन्धी कार्य सञ्चालन भएको छ । प्रर्याप्त ठाउँ सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरी सुदृढ गर्ने ।
- गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा ऐतिहासिक क्षेहरूमा आवश्यक पूर्वाधारको विकास गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरी करको दायरामा ल्याउनु पर्ने ।
- गाउँपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रबन्ध मिलाइ ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय सम्भावना भएका क्षेत्रलाई पहिचान गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि पर्यटन बोर्डसँग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने ।
- उद्योग वाणिज्य सङ्घ र व्यवसायीहरूसँग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसंग छलफल एवम् सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नु पर्ने ।
- गाउँपालिकाको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्दा अत्मनिर्भर गाउँपालिका निर्माणको नीति लिई केन्द्र र प्रदेशमा भर नपरी आवश्यक श्रोत परिचालनको सम्भावनाको पहिचान गरी कार्यान्वयनको नीति लिनुपर्ने ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

## ५.१ तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सरोकारवालाहरूको सहभागितामूलक छलफलबाट तयार पारिएको तीनपाटन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । गाउँपालिकाको राजस्व सम्बन्धी अधिकार, करको दायरा, दररेट सम्बन्धी सरोकारवालाहरूसँगको छलफलमा राजस्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधीमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ ।

तालिका १६: राजस्व सुधार कार्ययोजना

| **सुधारका क्षेत्रहरू** | **सुधारको लागि गर्नुपर्ने कार्यहरू** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|
| कर राजस्व | | | |
| भूमि कर(मालपोत) | जग्गाको किसिममा औचित्यलाई ख्याल गरी मौजुदा मूल्याङ्कनलाई पुन मूल्याङ्कन गर्ने | आर्थिक वर्ष २०७९/८० भित्र | राजस्व परामर्श समिति |
| सम्पत्ति कर | वडा कार्यालयबाट समेत कर लिनका लागि नेटवर्किङ्गमा आधारित सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>बाटोले छोइएकोमा ग्रामिण सडक, मोटरेबल र हाइवेको वर्गीकरण गरी ठाउँ अनुसार दर निर्धारण गर्ने<br>सम्पत्ति कर लागु भएका उत्कृष्ट स्थानिय तहहरूमा अवलोकन भ्रमण गर्ने । | आर्थिक वर्ष २०७९/८० भित्र कतिपय भइरहेको | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, गाउँसभा |
| सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सञ्चालनका लागि उद्योग वाणिज्य सङ्घसंग समन्वय गर्ने | आर्थिक वर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| घर जग्गा बहाल कर | घर जग्गा बहाल करलाई गा.पा.को बाटोको सुविधा र प्रकृति हेरी कर लगाउने<br>घर तथा जग्गा बहालमा लगाउने घरधनीहरूको विवरण सङ्कलन गर्ने | आर्थिक वर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| व्यवसाय कर | गाउँपालिका भित्र रहेका व्यवसायीहरूको तथ्याङ्क लिने र व्यवसायकरका दरहरूलाई बिस्तृत अध्ययन गरी करका दररेट निर्धारण गर्ने ।<br>व्यवसायीहरूलाई कर सम्बन्धी १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने<br>दर्ता नभएका व्यवसायीलाई गाउँपालिकामा दर्ताको लागि | आर्थिक वर्ष २०७८/७९ भित्र कतिपय भइरहेको | राजस्व परामर्श समिति |

| सुधारका क्षेत्रहरू | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | | |
| जडीबुटी, कबाडी र जिवजन्तु कर | जडीबुटीमा लुप्त रुपमा रहेकाहरूलाई पहिचान गरी निकासी योग्य बनाउनको लागि प्रयत्न गर्न कवाडी सङ्कलन केन्द्र तोकी करको दायरामा ल्याउने<br>कबाडी व्यवस्थापन कानुन बमोजिम व्यवस्थापन गर्ने<br>काँचो छाला सङ्कलन केन्द्र स्थापना गरी आय आर्जन गर्ने | आर्थिक वर्ष २०७९/८० भित्र | गाउँपालिका र टोल विकास संस्था |
| गैर कर राजस्वका शीर्षक | | | |
| नक्सापास दस्तुर | नक्सा पास सर्व सुलभ ढंगबाट हुनुपर्ने नक्सापास गरी भूकम्प प्रतिरोधी घर मात्र निर्माणको लागि प्रोत्साहन गर्ने र निश्चित दर निर्धारण गर्ने र थप व्यवस्थापन गर्ने | आर्थिक वर्ष २०७९/८० भित्र दरनिर्धारण भएको | गाउँपालिका |
| व्यक्तिगत घटना दर्ता शुल्क | व्यक्तिगत घटना दर्ताका प्रमाण पत्र लिनको लागि तथा सच्याउनको लागि सच्याउदा लिई आएकोमा नियमानुसार गर्ने | आर्थिक वर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| पार्किङ्ग शुल्क | गाउँपालिका क्षेत्रमा सवारी पार्किङ्ग आवश्यक पर्ने ठाँउको पहिचान गरी पार्किङ्गको सुविधा उपलब्ध गराउने<br>राजमार्ग र प्रमुख व्यापारिक क्षेत्रमा व्यापार प्रभावित हुने गरी पार्किङ्ग गर्ने गरेको पाईएमा जरीवाना गराउने | आर्थिक वर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| फोहरमैला व्यवस्थापन शुल्क | कुहिने र नकुहिने फोहोरको व्यवस्थापनको लागि सचेतना फैलाउने<br>फोहरमैला व्यवस्थापनको निश्चित क्षेत्र पहिचान गरी व्यवस्थापन गर्ने<br>फोहरमैला विसर्जनका आधारमा शुल्क कायम गर्ने<br>तिर्ने र नतिर्नेको लागत तयार पार्ने | आर्थिक वर्ष २०७९/८० भित्र सम्भावना पहिचान नरन्तर | वातावरण समिति, राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, |
| स्थानीय खानेपानी महसुल | उपयोगको आधारमा मिटर सिस्टमबाट महशुल लागु गर्ने<br>आफु खुशी प्रयोग भै रहेको पानीको स्रोतलाई एकिकरण गरी दायरामा ल्याउनु पर्ने | आर्थिक वर्ष २०७९/८० भित्र हाल कार्यान्वयनमा उ.स.मार्फत | गाउँपालिका, उद्योग वाणिज्य सङ्घ र समुदाय |

| सुधारका क्षेत्रहरू | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, सडक, बसपार्क, पुल आदि | बधशाला व्यवस्थित गर्नुपर्ने र उनीहरूबाट सरसफाई वापत अतिरिक्त शुल्क लिनु पर्ने<br>बधशाला बजार भन्दा बाहिर हुनुपर्ने<br>हाट बजार स्थापना गरी शुल्क उठाउने<br>पशुबधको क्रममा निस्कने फोहोरको जथाभावी व्यवस्थापन गरेको पाईएमा जरीवाना गराउने | आर्थिक वर्ष २०७९/८० भित्र<br><br>सम्भाव्यता हेर्ने | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| मूल्याङ्कन सेवा शुल्क | सम्पत्ति कर र अचल सम्पत्ति मूल्याङ्कन अभिलेखलाई एकत्रित गर्ने ।<br>मूल्याङ्कन शुल्क दर पुनरावलोकन गर्ने (वैदेशीक, बैंकिंङ तथा अन्य प्रयोजनको आधारमा वर्गिकरण) । | हाल कार्यान्वयनमा रहेको | राजस्व परामर्श समिति, राजस्व शाखा |
| दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि | व्यवसाय तथा फर्महरू व्यवसाय गर्नका लागि भन्दा ऋण प्रयोजनमा मात्र दर्ता गरिने प्रचलन भएको हुँदा व्यवसायीमुखी हुन र निरन्तरता दिन प्रति दिन प्रोत्साहन गर्नुका साथै फर्म अनुगमन गरी प्रोत्साहन गर्ने<br>व्यवसाय दर्ता प्रकृयालाई प्रभावकारी बनाउने । दर्ता नगरी व्यवसाय गर्ने प्रचलनलाई निरुत्साहित गर्ने । | आर्थिक वर्ष २०७९/८० भित्र | गाउँपालिका प्रशासन र उ.वा. सङ्घ |
| ढुगा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | ढुङ्गा, गिटी, वालुवा उत्खननको सम्भावना भएको क्षेत्रको पहिचान गरी गाउँपालिकाको आफ्नै व्यवस्थापनमा शुल्क अशुली गर्नुपर्ने<br>गीट्टी बालुवाको निश्चित मात्रा (घन मिटर) को ट्रीपको मापदण्ड कायम गर्नुपर्ने | आर्थिक वर्ष २०७९/८० भित्र<br><br>कायम रहेका प्रदेश सरकारले | गाउँपालिका |
| वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | विपन्न अशक्त, अपाङ्गहरूलाई दस्तुरमा छुटको व्यवस्था गर्ने<br>कुनैपनि सिफारिस दस्तुर बुझाएकोमा काम नभएर फिर्ता हुनुपर्दा वा संशोधन गर्दा सो आ.व.सम्म उक्त दस्तुरबाट हुनुपर्ने<br>अग्रेजी सिफारिस वडा कार्यालयबाटै प्रिन्ट गर्नुपर्ने | २०७८ श्रावण १ देखि (कतिपय सुविध कार्यान्वयनमा रहेको) | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |

